# विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, २०७६
# (कक्षा ८) सञ्चालनका लागि
# मार्गदर्शन पुस्तिका


नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**

सानोठिमी, भक्तपुर

**विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, २०७५ (कक्षा ८) सञ्चालनका लागि मार्गदर्शन पुस्तिका**

**शैक्षिक गुणस्तर परीक्षण केन्द्र** सानोठिमी, भक्तपुरद्वारा प्रकाशित

वर्ष : २०७५ (सन् २०१९)

© शैक्षिक गुणस्तर परीक्षण केन्द्र

फोन नं. ०१-६६३१२८८, ६६३६५१८, ६६३२११६, ६६३४३६२

फ्याक्स नं. ०१-६६३१२८०

Web site: www.ero.gov.np

Email Address: eronasa@gmail.com

# प्राक्कथन

शिक्षामा विद्यार्थीको पहुँच सुनिश्चित गर्ने कार्यमा धेरै महत्त्वपूर्ण उपलब्धिहरू हासिल भइसकेको सन्दर्भमा पहुँचका साथसाथै विद्यार्थीको सिकाइ स्तरमा सुधार ल्याउनका लागि अबका प्रयासहरू केन्द्रित गर्नु आजको आवश्यकता हो। यसका लागि बालबालिकाहरूले भविष्यका चुनौतीहरू सामना गर्न आवश्यक सक्षमता हासिल गर्नुपर्ने हुन्छ। बालबालिकाहरूमा यस्ता सक्षमताहरू विकास भएका छन् वा छैनन् भन्ने तथ्यको सुनिश्चितताका लागि एउटा आवधिक र प्राविधिक रूपले मजुबत परीक्षण प्रणाली आवश्यक पर्छ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सन् २०११ देखि नै विद्यालय तहमा विभिन्न कक्षा र विषयमा राष्ट्रिय सर्वेक्षणहरूका माध्यमबाट विद्यार्थीको उपलब्धिको परीक्षण गरी राष्ट्रिय रूपमा विद्यार्थीको उपलब्धिको अवस्थाका बारेमा सरोकारवालालाई पृष्ठपोषण प्रदान गर्ने कार्य गरिरहेको छ । यी सर्वेक्षणहरूले प्रकाशनमा ल्याएका प्रतिवेदनहरूले शिक्षण सिकाइ प्रक्रिया, शिक्षक तालिमहरू तथा सामग्री विकासमा अपेक्षाकृत सुधार ल्याउन समग्रमा देशको सिकाइ उपलब्धिको अवस्था के छ ? विभिन्न क्षेत्र, लिङ्ग, जातीय समूह, भाषिक समूह, विद्यालयको अवस्थिति आदिका आधारमा विद्यार्थीको सिकाइ उपलब्धिको अवस्था के छ ? विद्यार्थीको सिकाइ उपलब्धिमा कुन कुन तत्त्वहरूले कसरी प्रभाव पारिरहेका छन् ? भन्ने सन्दर्भमा एउटा बलियो प्रमाण प्रस्तुत गरेका छन्। सन् २०१९ मा कक्षा ८ मा सञ्चालन हुने परीक्षण पनि यही दिशामा केन्द्रित रहेको छ।

देशभरिका विद्यालयहरूको प्रतिनिधित्व हुने नमुना छनोट गरी कक्षा ८ मा ७५ जिल्ला ( मनाङ र मुस्ताङ बाहेक ) मा विज्ञान, गणित, नेपाली र अङ्ग्रेजी विषयमा यही मिति २०७५।१०।२० गते देखि २०७५।१०।२७ सम्म देशभर परीक्षण सञ्चालन हुदैंछ । यसले विद्यार्थीले हासिल गरेका सक्षमताहरूको परीक्षण गरी उनीहरूको सिकाइको स्तर सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने छ । परीक्षण सञ्चालन कार्यलाई स्तरीकृत गर्न र देशभरि एकरूपता ल्याउने उद्देश्यका साथ यो मार्गदर्शन पुस्तिकाको विकास गरिएको छ । यस पुस्तिकाले विद्यार्थी उपलब्धिको परीक्षणको सन्दर्भमा विभिन्न निकाय,

संस्थाहरू र व्यक्तिको भूमिकाको व्याख्या गरेको छ ।

परीक्षण सञ्चालन प्रक्रियालाई मर्यादित, वस्तुनिष्ठ र वैध बनाउनका लागि आमसरोकारवालाको भूमिका पक्कै पनि महत्त्वपूर्ण हुने गर्दछ। यसबाट सही र शुद्ध तथ्याङ्क तथा सूचनाहरू प्राप्त भई देशको शैक्षिक प्रणालीको वास्तविक अवस्था आँकलन गर्न सकिन्छ । यो कार्यका लागि सबै सरोकारवालाको सकारात्मक सहयोग, समन्वय र योगदानबाट परीक्षण सञ्चालन कार्य सफल हुन्छ भन्ने शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विश्वास लिएको छ ।


कृष्णप्रसाद काप्री
महानिर्देशक
शैक्षिक गुणस्तर परीक्षण केन्द्र
सानोठिमी, भक्तपुर

## १. परिचय

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) ले पुरै देशका विद्यालयहरूको प्रतिनिधित्व हुने गरी सामुदायिक र निजी विद्यालयहरूमध्येबाट नमुना छनोट गरी राष्ट्रिय स्तरको सर्वेक्षणमार्फत शिक्षा प्रणालीको समग्र अवस्थाका बारेमा सरोकारवालालाई जानकारी प्रदान गर्दछ ।

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणका नतिजाहरू नीति निर्माण, पाठ्यक्रम, योजना र शिक्षणका तौरतरिकाहरूको सुधारमार्फत विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार गर्न प्रयोग गरिन्छ ।

यस वर्ष (वि.सं. २०७५ साल)मा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) ले पहिलो पटक मनाङ र मुस्ताङ जिल्ला बाहेक ७५ जिल्लाबाट कक्षा ८ मा विज्ञान, गणित, अङ्ग्रेजी र नेपाली विषयमा नमुनामा छनोट भएका १,८०० विद्यालयहरूमा परीक्षण कार्य सञ्चालन हुदैँछ । चार विषयमा गरी ४८,००० विद्यार्थीमा मिति २०७५।१०।२० देखि २०७५।१०।२७ सम्म हुने परीक्षणमा सहभागी हुदैँछ । सबै विद्यालयहरूमा परीक्षण सञ्चालनमा एकरूपता कायम गर्न र परीक्षणलाई स्तरीकृत गर्ने उद्देश्यका साथ यो परीक्षण सञ्चालनका लागि मार्गदर्शन पुस्तिका विकास गरिएको हो । यो मार्गदर्शन पुस्तिकामा विभिन्न संस्था तथा व्यक्तिहरूको परीक्षणको सन्दर्भमा रहने भूमिका तथा जिम्मेवारीको व्याख्या गरिएको छ । परीक्षण सञ्चालक (Test administrator) र अनुगमनकर्ताको अभिमुखीकरण कार्यक्रममा प्रस्तुत हुने विषयवस्तु र प्रतिवेदन ढाँचासमेत समावेश गरिएको छ ।

## २. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA ) का क्षेत्रहरू

कक्षा ८ को **विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA)** विज्ञान, गणित, अङ्ग्रेजी र नेपाली गरेर चार ओटा विषयमा सञ्चालन हुने छ । यसका लागि गणित र विज्ञानलाई संयुक्त रूपमा राखेर पाँच सेट परीक्षण पुस्तिका तथा नेपाली र अङ्ग्रेजीलाई संयुक्त रूपमा राखेर पाँच सेट परीक्षण पुस्तिकाहरू तयार गरिएका छन् । परीक्षण पुस्तिकामा वस्तुगत र विषयगत

प्रश्नहरू करिब ५०/५० प्रतिशतको भारमा राखिएका छन् । प्रत्येक परीक्षण पुस्तिकामा परीक्षणको समय दुई घण्टा कायम गरिएको छ । यसका साथसाथै विद्यार्थीको सिकाइ उपलब्धिलाई प्रभावित गर्ने कारक तत्वहरू पहिचान गर्नका लागि विद्यार्थी र विद्यालयको पृष्ठभूमिसँग सम्बन्धित तीन प्रकारका पृष्ठभूमि प्रश्नावलीहरूमार्फत सूचना तथा तथ्याङ्क सङ्कलन गरिने छ । विद्यार्थी पृष्ठभूमि प्रश्नावली भर्नका लागि आधा घण्टा वा केही थप समय लाग्ने अनुमान गरिएको छ ।

(क) **विद्यार्थीको पृष्ठभूमि प्रश्नावली** : विद्यार्थीको सिकाइलाई प्रभाव पार्ने कारक तत्वहरूसँग सम्बन्धित विषयवस्तु समेटिएको पृष्ठभूमि प्रश्नावली र विषयगत प्रश्नावली सँगै रहेको छ ।

(ख) **विषय शिक्षकको पृष्ठभूमि प्रश्नावली** : यसमा विद्यार्थीको सिकाइमा शिक्षकको पृष्ठभूमिले पार्ने प्रभावको अध्ययनका लागि विषयवस्तु समेटेर प्रश्नवली तयार पारिएको छ । विद्यालयमा परीक्षण सञ्चालन भएका विषयको कक्षा ८ मा सोही विषय अध्यापनरत (अङ्ग्रेजी र नेपाली वा गणित र विज्ञान) शिक्षकहरूलाई यो प्रश्नावली भर्न लगाइन्छ ।

(ग) **प्रधानाध्यापकको पृष्ठभूमि प्रश्नावली** : यसमा विद्यार्थीको सिकाइमा प्रधानाध्यापकको पृष्ठभूमिले पार्ने प्रभावको अध्ययनका लागि विषयवस्तु समेटेर प्रश्नावली तयार पारिएको छ । परीक्षण सञ्चालन भएको विद्यालयका प्रधानाध्यापकलाई यो प्रश्नावली भर्न लगाइन्छ ।

## ३. परीक्षण सञ्चालनमा विभिन्न निकाय तथा व्यक्तिको भूमिका

### (क) शैक्षिक गुणस्तर परीक्षण केन्द्र

- परीक्षणका लागि विषयगत प्रश्नपत्र, प्रअ, शिक्षक र विद्यार्थीको पृष्ठभूमि प्रश्नावली अन्तिमीकरण गरी छपाइका लागि परामर्शदाता संस्थालाई उपलब्ध गराउने र सोको गोपनीयता कायम गर्ने,
- छपाइका क्रममा प्याकेटिङ लगायतका कार्यमा सुपरीवेक्षण गर्ने

- परीक्षण सञ्चालक (Test administrator) का लागि अभिमुखीकरण सञ्चालन गर्ने,
- परीक्षण सञ्चालन हुने विद्यालय, विषय, विद्यार्थी सङ्ख्या छनोट गर्ने र परामर्शदाता संस्थालाई उपलब्ध गराउने,
- परीक्षण सञ्चालनका लागि सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय एकाइ, स्थानीय तह (महा/उप/नगरपालिका र गाउँपालिका), विद्यालयसँग समन्वय गर्ने र सहयोगका लागि पत्राचार गर्ने, **(पत्रको ढाँचा अनुसूची ३ – ५ मा रहेकोछ ।)**
- परीक्षण प्रभावकारी, स्वच्छ र मर्यादित बनाउनका लागि तालिम प्राप्त अनुगमनकर्ता खटाउने,
- परीक्षण सञ्चालन हुने जिल्ला, विद्यालयको नाम, सम्वन्धित विद्यालयका परीक्षण सञ्चालन गर्ने Test administrator को नाम र सम्पर्क नम्बर उपलब्ध गराउने,
- विषयगत उत्तरपुस्तिका परीक्षण, ओएमआर सिट भर्नका लागि सहजीकरण र सुपरीवेक्षण गर्ने,
- परामर्शदातासँग परीक्षणको तथ्याङ्क तथा प्रतिवेदनहरू लिने र सोका आधारमा प्रतिवेदन लेखन कार्य गर्ने,
- सम्झौताबमोजिम तोकिएका सर्तका आधारमा परामर्शदाता संस्थाले कार्य गरे नगरेको यकिन गरी कार्यको प्रबोधीकरण गरेर कार्य सम्पन्नता गर्ने ।

**(ख) परामर्शदाता संस्था**

- सम्झौतामा तोकिएको कार्य विवरणका आधारमा कार्य सञ्चालन गर्ने,
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रको सुपरीवेक्षणमा विषयगत प्रश्नपत्र, प्र.अ., शिक्षक र विद्यार्थीको पृष्ठभूमि प्रश्नावली छपाइ तथा प्याकेटिङ गर्ने र सोको गोपनीयताको सुनिश्चितता गर्ने,

- न्यूनतम शैक्षिक योग्यता स्नातक भएका Test administrator मात्र छनोट गर्ने,
- Test administrator का रूपमा शिक्षकलाई कार्यमा नलगाउने,
- शैक्षिक गुणस्तर परीक्षण केन्द्र सँग समन्वय गरी Test administrator लाई अभिमुखीकरणमा सहभागी गराउने,
- Test administrator को योग्यता र सरकारी वा सङ्घसंस्थामा सेवा/सामुदायिक वा निजी विद्यालयको शिक्षक नभएको कबुलसहितको प्रमाणित विवरण शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा बुझाउने,
- Test administrator लाई शैक्षिक गुणस्तर परीक्षण केन्द्र ले दिएको निर्देशन र समयमा परीक्षण सञ्चालनका लागि खटाउने र शैक्षिक गुणस्तर परीक्षण केन्द्रले उपलब्ध गराएको ढाँचा अनुसारको परीक्षण सञ्चालन हुने जिल्ला, विद्यालयको नाम, सम्बन्धित विद्यालयका प्रअको नाम, परीक्षण हुने विषय, परीक्षण सञ्चालन गर्ने Test administrator को नाम र सम्पर्क नम्बर तथा परीक्षकले विद्यालयको निरीक्षण पुस्तिकामा परीक्षण सञ्चालकले लेखेको प्रतिक्रियाको प्रतिलिपिमा विद्यालयको छाप लगाइ शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा उपलब्ध गराउने,
- प्रदेशमा रहेका प्रदेश संयोजकले परीक्षणको सुरुमा प्रश्नावली दिई Test administrator लाई सम्बन्धित कार्यमा खटाउने र अन्तिममा प्रश्नावली सङ्कलन गरी केन्द्रमा ल्याउने तथा यसरी प्रयोग भएका र नभएका सबै प्रश्नावली अनिवार्य रूपमा गन्ती गरी ल्याउनुपर्ने कार्यको सुनिश्चितता गरी परीक्षणपश्चात् शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा बुझाउने,
- Test administrator ले प्रदेश संयोजकलाई बुझाएको प्रतिवेदनहरू (अनुसूची १ अनुसार) एकीकृत गरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा बुझाउने,

- विषयगत रूपमा विषयगत प्राप्ताङ्क, पृष्ठभूमि प्रश्नावलीहरूको तथ्याङ्क शुद्धीकरण गरी MS-Excel मा OMR Scaned Image सहित तोकिएको ढाँचामा पेस गर्ने,
- उत्तरपुस्तिका परीक्षण र OMR विकासमा शैक्षिक गुणस्तर परीक्षण केन्द्र को सुपरीवेक्षण र सहजीकरणका आधारमा गर्ने,
- परीक्षणपश्चात् अन्तिम Data and Report लगायत परामर्शसेवाका क्रममा गरिएका सम्झौताका आधारमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा प्रतिवेदन पेस गर्ने ।

## (ग) शिक्षा विकास निर्देशनालय

- शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा सञ्चालन हुने परीक्षणलाई स्वच्छ, मर्यादित र निष्पक्ष रूपले सञ्चालनका लागि सहयोग गर्ने ।

## (घ) शिक्षा विकास तथा समन्वय एकाइ

- शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा सञ्चालित विद्यार्थीको सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षणमा सहयोग गर्ने,
- परीक्षण सञ्चालन गर्न जिल्लामा आउने Test administrator लाई आवश्यक सहयोग गर्ने ।

## (ङ) स्थानीय तह

- शैक्षिक गुणस्तर परीक्षण केन्द्र द्वारा सञ्चालित विद्यार्थीको सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षणमा सहयोग गर्ने,
- परीक्षण सञ्चालन गर्न जिल्लामा आउने Test administrator लाई सहयोग गर्ने,
- नमुना छनोटमा परेका विद्यालयहरूलाई परीक्षणमा सहभागी गराउने ।

**(च) परीक्षण सञ्चालन हुने विद्यालय**

- शैक्षिक गुणस्तर परीक्षण केन्द्रले परीक्षणका लागि छनोट गरेका विद्यालयका प्रअलाई Test administrator ले दिएको पत्रका आधारमा परीक्षण सञ्चालन गर्न सहयोग गर्ने,
- Test administrator लाई नागरिकता, सवारी लाइसेन्स वा सो सरहको आफ्नो परिचय खुल्ने परिचयपत्र र संस्थाले दिएको आधिकारिक पत्रका आधारमा परीक्षण कार्यमा सहयोग गर्ने,
- विद्यार्थीको परीक्षण सञ्चालनका लागि कोठा, बसाइ व्यवस्थापन, पानी आदिको व्यवस्था गरी सहयोग गर्ने,
- विद्यार्थीलाई लेख्ने कलम, विद्यार्थीका विषयगत प्रश्नावली, प्रअ, शिक्षक र विद्यार्थीका पृष्ठभूमि सम्बन्धी प्रश्नावली आदि रूजू गरी परीक्षण कार्यमा सहयोग गर्ने,
- प्रअ र शिक्षकको पृष्ठभूमि प्रश्नावली भरेर Test administrator लाई बुझाउने, विषयगत शिक्षकलाई पनि पृष्ठभूमि प्रश्नावली भरी बुझाउन सहयोग गर्ने ।

**(छ) परीक्षण सञ्चालन हुने विद्यालयका विषयगत शिक्षक**

- परीक्षण सञ्चालन भएको विद्यालयमा सम्बन्धित विषयको कक्षा ८ मा शिक्षण गर्ने शिक्षकले विषय शिक्षकका लागि तयार गरिएको पृष्ठभूमि प्रश्नावली भरेर सहयोग गर्ने,
- आफ्नो विषयको परीक्षण सञ्चालन भएको कक्षाकोठामा नजाने ।

**(ज) Test administrator**

- शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सञ्चालन गरेको अभिमुखीकरणमा अनिवार्य रूपमा सहभागी हुनुपर्ने,
- Test administrator सँग आफ्नो नागरिकता वा सवारी लाइसेन्स वा सोसरहको आफ्नो परिचय खुल्ने परिचयपत्र

अनिवार्य रूपमा हुनुपर्ने,

- परीक्षण कार्यलाई स्वच्छ र शान्त वातावरणमा सञ्चालन गरी विद्यार्थी, शिक्षक, प्र.अ. का प्रश्नावलीहरू भर्न लगाउने,
- Test administrator ले आफूले गर्ने क्रियाकलाप **अनुसूची ६** अनुसार गर्ने ।

**(अ) परीक्षणपूर्व**

- अभिमुखीकरण कार्यक्रममा अनिवार्य सहभागी हुने,
- आवश्यक सामग्रीहरू **अनुसूची ७** अनुसार रूजू गरी बुझ्ने,
- परीक्षण सञ्चालन हुन गइरहेको विद्यालयमा परीक्षण हुने दिनको सूचना दिने,
- परीक्षण सञ्चालन तथा मार्गदर्शन पुस्तिकाको गम्भीरतापूर्वक अध्ययन गर्ने ।

**(आ) परीक्षणको समय**

- Test administrator ले विद्यालयमा परीक्षणपूर्व नै विद्यालयमा सम्पर्क गरी परीक्षणको समयभन्दा दुई घन्टाअघि नै विद्यालयमा उपस्थित हुने,
- पहिलो दिन Test administrator ले प्रअलाई शैक्षिक गुणस्तर परीक्षण केन्द्रको पत्र दिने, आफ्नो परिचय दिने र परीक्षणको उद्देश्य प्रस्ट पार्ने । सोहीअनुरूप प्रअ र विषयगत शिक्षकहरूको पृष्ठभूमि प्रश्नावली पूर्ण रूपमा भराउने र परीक्षण सञ्चालनका लागि उपयुक्त कोठाको व्यवस्था र कक्षामा sampling मा तोकिएका विद्यार्थीहरूलाई उपयुक्त हुने बसाई योजना तयार गर्ने । प्रअसँग सल्लाह गरी प्रत्येक विद्यार्थीलाई डटपेनको व्यवस्था गर्ने,
- दोस्रो दिन विद्यालयमा प्रार्थना सुरु हुनुभन्दा पहिले पुगेर sampling मा तोकिएकाभन्दा कम विद्यार्थी हुँदा सबै विद्यार्थी र sampling मा तोकिएकाभन्दा बढी विद्यार्थी भएमा चिट्ठा

विधिबाट sampling मा तोकिएका सङ्ख्याका विद्यार्थी छनोट गरी परीक्षणमा सहभागी गराउने,

- सबै विद्यार्थीहरूलाई परीक्षणको उद्देश्य प्रस्ट पार्ने,
- सबै विद्यार्थीहरूलाई परीक्षण पुस्तिकामा जवाफ कसरी दिने भनी व्याख्या गर्ने,
- परीक्षण पुस्तिकाको प्याकेटको सिल टुटे नटुटेको सुनिश्चित गरी सबै विद्यार्थीहरूलाई निर्देशनअनुसार परीक्षण पुस्तिका वितरण गर्ने सिल टुटेको भएमा मुचुल्का गरी प्रतिवेदनसँगै बुझाउने,
- परीक्षण सञ्चालनको समय परीक्षण सञ्चालन भएको कोठामा विद्यालयका सम्बन्धित विषय शिक्षकलाई प्रवेश गर्न नदिने,
- परीक्षण पुस्तिकाको आवरण पृष्ठमा भएका सूचनाहरू स्पष्टसँग भर्न सघाउने,
- परीक्षणअघि सबै विद्यार्थीहरूलाई एक एक गरी स्पष्ट पार्दै सबै विद्यार्थीहरूको पृष्ठभूमि प्रश्नावली पूरा गर्ने,
- विषयगत प्रश्नपत्रको परीक्षण सञ्चालनका लागि २ घण्टा समय निर्धारण गर्ने,
- सबै विद्यार्थीहरूको पृष्ठभूमि प्रश्नावली पूरा गरिसकेपछि ५ देखि १० मिनेटसम्म ब्रेक दिई सबैलाई एउटै समयबाट दोस्रो खण्डको विषयगत प्रश्नहरू (गणित तथा विज्ञानको सेट र नेपाली तथा अङ्ग्रेजीको सेटमध्ये कुनै एक विषयका प्रश्पत्रहरू हुने छन्) हल गर्ने गरी परीक्षण सुरु गराउनुपर्ने,
- **अनुसूची ८** अनुसार परीक्षणका दौरानमा गर्ने कार्य रुजु गर्ने ।

**(इ) परीक्षण पश्चात्**

- सबै परीक्षण पुस्तिकामा सम्बन्धित विद्यार्थीको पृष्ठभूमि प्रश्नावली छुटेको भए स्टिच गर्ने,
- सबै सामग्रीहरू प्रदेश संयोजकलाई सुरक्षित तवरले बुझाउने,
- तोकिएको ढाँचामा प्रतिवेदन (**अनुसूची १**) शैक्षिक गुणस्तर

परीक्षण केन्द्रमा पुग्ने गरी प्रदेश संयोजकलाई बुझाउने,

- प्रश्नावलीमा कुनै त्रुटि भेटिएमा Test administrator आफ्नो प्रतिवेदनमा सुझाव संलग्न गरी पठाउने तर प्रश्नहरू सच्याउने वा तत्काल कुनै निकायमा सोधखोज वा खबर नगर्ने,
- परीक्षण समाप्त भएपछि उत्तरपुस्तिका तत्काल खामबन्दी गरी छिटो र सुरक्षित माध्यमबाट प्रदेश संयोजकलाई बुझाउँदा प्रयोग भएका र नभएका सबै परीक्षण पुस्तिका अलग अलग खाममा खामबन्दी गरी अनिवार्य रूपमा बुझाउने । उत्तरपुस्तिकाहरू बन्द गरिएको खामको बाहिर प्राप्त भएका, प्रयोग भएका र प्रयोग नभई फिर्ता भएका प्रश्नपत्रको सङ्ख्या तथा विद्यालयको कोड उल्लेख गर्ने र उत्तरपुस्तिकासँगै प्रधानाध्यापक तथा शिक्षकद्वारा भरिएका प्रश्नावलीहरू पनि खाममा राखी बुझाउने ।

**(ज) अनुगमनकर्ता**

- परीक्षणको गुणस्तर सुनिश्चित गर्नको लागि अनुगमन गर्ने,
- आवश्यकताअनुसार सम्बन्धित पक्षलाई पृष्ठपोषण प्रदान गर्ने,
- तोकिएको ढाँचामा (अनुसूची २) शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा प्रतिवेदन दिने ।

## ४. अभिमुखीकरण कार्यशाला

**(क) Test administrator का लागि कार्यशालामा दिइने विषयवस्तु**

- परीक्षणको उद्देश्य
- प्रश्नावलीका प्रकार र प्रश्नका सेटहरू सम्बन्धी
- विद्यार्थी नमुना छनोट विधि र प्रक्रिया (अधिकतम विद्यार्थी २७ र विधि गोलाप्रथा)
- पृष्ठभूमि प्रश्नावली भराउने सम्बन्धी
- परीक्षण सञ्चालन तरिका
- प्रश्नपत्रको गोपनीयता तथा सुरक्षा
- प्रतिवेदनका ढाँचाहरू

**(ख) अनुगमनकर्ता अभिमुखीकरणका विषयहरू**

- परीक्षणको उद्देश्य
- परीक्षण सञ्चालनको तौरतरिका
- प्रश्नावलीका किसिम
- परीक्षण हुने, विद्यालय र Test administrator सम्बन्धी
- अनुगमन प्रतिवेदनका ढाँचाहरू

# अनुसूची १

## Test administrator को प्रतिवेदन

१. कार्यक्रम : कक्षा ८ को विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण २०७५

२. परीक्षण सञ्चालन गर्ने निकाय : शैक्षिक गुणस्तर परीक्षण केन्द्र, भक्तपुर

३. परीक्षण सञ्चालन गर्ने परामर्शदाता संस्था : समुन्नत नेपाल, काठमाडौँ

४. परीक्षण सञ्चालन मिति २०७५।१०।..........
समय : दिउँसो ............बजेदेखि .........बजेसम्म

५. परीक्षण गरिएको विद्यालयको नाम..........................................................
दश अङ्कको विद्यालयको कोड ....................... ठेगाना.............. जिल्ला.......

६. विद्यालयको अवस्थिति : (क) महानगर☐ (ख) उपमहानगर ☐
(ग) नगर ☐ (घ) गाउँपालिका ☐

७. परीक्षण गरिएको विषय : (क) गणित र विज्ञान ☐ (ख) नेपाली र अङ्ग्रेजी ☐

८. कक्षा ८ मा कुल विद्यार्थी सङ्ख्या..................परीक्षणमा सहभागी विद्यार्थी
सङ्ख्या........छात्र.... छात्रा....

९. बसाइ व्यवस्थापन मार्गदर्शन पुस्तिका बमोजिम भयो ☐ भएन ☐ भएन भने किन
भएन ..................................................................................................
..........................................................................................................
..........................................................................................................

१०. परीक्षणका क्रममा देखिएका सकारात्मक पक्ष
..........................................................................................................
..........................................................................................................
..........................................................................................................

११ परीक्षणका क्रममा देखिएको सुधार नगरी नहुने पक्ष
..........................................................................................................
..........................................................................................................
..........................................................................................................

१२. प्रश्नपत्रमा कुनै त्रुटि छ छैन

१३. त्रुटि भएमा प्रश्न नं..............................................

के त्रुटि ...................................................................................

हुनुपर्ने के ..............................................................................

विद्यालयको प्रअको नाम :...................................................................

प्रअको मोबाइल नम्बर.......................................................

परीक्षण गरिएको विद्यालयको छाप

Test administrator को नाम :

ठेगाना :

दस्तखत :

मोबाइल नम्बर :

*(द्रष्टव्य: परीक्षण गरिएका विद्यालयको परीक्षणका समयमा फोटो खिच्दा सम्बन्धित पक्षको स्वीकृति लिएर मात्र खिच्नुपर्ने छ ।)*

# अनुसूची २
## अनुगमनकर्ताको प्रतिवेदन

१. कार्यक्रम : कक्षा ८ को विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण २०७५

२. परीक्षण सञ्चालन गर्ने निकाय : शैक्षिक गुणस्तर परीक्षण केन्द्र, भक्तपुर

३. परीक्षण सञ्चालन गर्ने परामर्शदाता संस्था : समुन्नत नेपाल, काठमाडौँ

४. परीक्षण सञ्चालन मिति २०७५।१०।.........
समय : दिउँसो ............बजेदेखि .........बजेसम्म

५. परीक्षण गरिएको विद्यालयको नाम....................................ठेगाना............

६. विद्यालयको अवस्थिति : (क) महानगर☐ (ख) उपमहानगर ☐
(ग) नगर ☐ (घ) गाउँपालिका ☐

७. परीक्षण गरिएको विषय : (क) गणित र विज्ञान ☐ (ख) नेपाली र अङ्ग्रेजी ☐

८. कक्षा ८ मा कुल विद्यार्थी सङ्ख्या.................परीक्षणमा सहभागी विद्यार्थी सङ्ख्या........छात्र.... छात्रा....

९. बसाइ व्यवस्थापन मार्गदर्शन पुस्तिका बमोजिम भयो ☐ भएन ☐ भएन भने किन भएन ...........................................................................................
...........................................................................................
...........................................................................................

१०. परीक्षणका क्रममा देखिएका सकारात्मक पक्ष
...........................................................................................
...........................................................................................
...........................................................................................

११. परीक्षणका क्रममा देखिएको सुधार नगरी नहुने पाटो
...........................................................................................
...........................................................................................
...........................................................................................

१२. प्रश्नपत्रमा कुनै त्रुटि छ छैन

१३. त्रुटि भएमा प्रश्न नं..............................................
के त्रुटि ...........................................................................
हुनुपर्ने के .......................................................................

विद्यालयको प्रअको नाम :...............................................

प्रअको मोबाइल नम्बर..................................................

अनुगमन कर्ताको नाम :

अनुगमन गरिएको विद्यालयको छाप

ठेगाना :

दस्तखत :

मोबाइल नम्बर :

*(द्रष्टव्य : परीक्षण गरिएका विद्यालयको परीक्षणका बेलामा फोटो खिच्दा सम्बन्धित पक्षको स्वीकृति लिएर मात्र खिच्नुपर्ने छ ।)*

# अनुसूची ३

## विषय : विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण सम्बन्धमा ।

श्री ............................ (निकाय)

प्रदेश ........., जिल्ला..................

विद्यार्थीको सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षणमार्फत जवाफदेहितामा वृद्धि गरी नतिजामा सुधार गर्नका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्ने मुख्य उद्देश्यका साथ यस केन्द्रको स्थापनापश्चात् प्रत्येक वर्ष नमुना छनोटका आधारमा निश्चित सङ्ख्यामा विभिन्न कक्षा र विषयमा विद्यार्थीहरूको सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षण गर्ने कार्य हुँदै आएको छ। यसै सन्दर्भमा यस केन्द्रको चालु आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार कक्षा ८ को विज्ञान, गणित, अङ्ग्रेजी र नेपाली विषयमा १८०० विद्यालयका ४८,००० विद्यार्थीहरूमा **मिति २०७५।१०।२० देखि २७** सम्म विद्यार्थीहरूको सिकाइ उपलब्धिको परीक्षण गर्ने क्रममा त्यस प्रदेश/ जिल्ला/स्थानीय तह अन्तर्गत ........ ओटा विद्यालय छनोटमा परेको र सो कार्यका लागि छनोट भएको परामर्शदाता संस्था **समुन्नत नेपाल, अनामनगर, काठमाडौँ**मार्फत परीक्षकहरू खटिनुभएकाले परीक्षणका क्रममा आवश्यक सूचना तथा जानकारी निज परीक्षकहरूलाई उपलब्ध गराइदिनुहुनका साथै सो कार्यका लागि आवश्यक समन्वय र सहयोग गरिदिनुहुन अनुरोध छ ।

कृष्णप्रसाद काप्री

महानिर्देशक

# अनुसूची ५

## विषय : विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण सम्बन्धमा ।

श्री ................................... (स्थानीय तह)

प्रदेश ........, जिल्ला..............................

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणमार्फत जवाफदेहितामा वृद्धि गरी नतिजामा सुधार गर्नका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्ने मुख्य उद्देश्यका साथ यस केन्द्रको स्थापनापश्चात् प्रत्येक वर्ष नमुना छनोटको आधारमा निश्चित सङ्ख्यामा विभिन्न कक्षा र विषयमा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण गर्ने कार्य हुँदै आएको छ । यसै सन्दर्भमा यस केन्द्रको चालु आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार कक्षा ८ को विज्ञान, गणित, अङ्ग्रेजी र नेपाली विषयमा १,८०० विद्यालयका ४८,००० विद्यार्थीहरू उपलब्धिको परीक्षण **मिति २०७५।१०।२० देखि २७** सम्म सञ्चालन गर्ने कार्यक्रम छ । त्यस स्थानीय तहअन्तर्गत ........ ओटा विद्यालय छनोटमा परेको र सो कार्यका लागि छनोट भएको परामर्शदाता संस्था **समुन्नत नेपाल, अनामनगर, काठमाडौँ**मार्फत परीक्षकहरू खटिनुभएकाले परीक्षणका क्रममा आवश्यक सूचना तथा जानकारी निज परीक्षकहरूलाई उपलब्ध गराइदिनुहुन साथै सो कार्यका लागि आवश्यक समन्वय र सहयोग गरिदिनुहुन अनुरोध छ ।

कृष्णप्रसाद काप्री
महानिर्देशक

## अनुसूची ६
## Test administrator का लागि क्रियाकलाप रूजूसूची

| सि.न | क्रियाकलाप | रूजू |
|---|---|---|
| १ | अभिमुखीकरणमा भाग लिने | ☐ |
| २ | परीक्षण गर्नुपर्ने विद्यालयको नाम, प्रअको नाम र सम्पर्क नं. लिने | ☐ |
| ३ | परीक्षण हुने दिनभन्दा कम्तीमा पाँच दिन पहिले सम्बन्धित विद्यालय र प्रअसँग सम्पर्क गरी परीक्षणको मिति तय गर्ने | ☐ |
| ४ | परीक्षणको अघिल्लो दिन प्रअलाई शैक्षिक गुणस्तर परीक्षण केन्द्रको पत्र बुझाउने | ☐ |
| ५ | परीक्षण हुने दिनभन्दा एक दिन पहिले नै विद्यालयमा पुगेर प्रअ र विषयगत शिक्षकको पृष्ठभूमि प्रश्नावली भराउने र परीक्षणका लागि बसाइ व्यवस्थापन गर्ने र प्रत्येक विद्यार्थीलाई लेख्नका लागि कालो मसी भएको गुणस्तरीय बलपेनको व्यवस्था गर्ने | ☐ |
| ६ | परीक्षण सञ्चालन मार्गदर्शनको पूर्ण अध्ययन गर्ने | ☐ |
| ७ | परीक्षणका लागि नमुनामा छनोट भएको विद्यालयमा तोकिएको सङ्ख्याभन्दा बढी विद्यार्थीहरू भएमा चिट्ठा विधिबाट विद्यार्थीहरूको छनोट गर्ने | ☐ |
| ८ | विद्यार्थीहरूलाई परीक्षणको उद्देश्य र परीक्षणका क्रममा पालना गर्नुपर्ने नियमहरू स्पष्ट पार्ने | ☐ |
| ९ | परीक्षणको क्रममा प्रयोग गरिएका ५ सेट प्रश्नपत्रलाई एक विद्यार्थीले अर्को विद्यार्थीको नक्कल गर्न नसक्ने अवस्थाका लागि एकपछि अर्को हुने गरी वितरण गर्ने | ☐ |
| १० | विद्यार्थीको पृष्ठभूमि प्रश्नावली भर्नका लागि सहयोग गर्ने र सबै विद्यार्थीले सही रूपमा भरे नभरेको सुनिश्चित गर्न सबै विद्यार्थीको भरेको पृष्ठभूमि प्रश्नावली परीक्षण गर्ने | ☐ |
| ११ | सबैले पृष्ठभूमि प्रश्नवली भरेपछि विषयगत प्रश्नपत्रको उत्तर लेख्न लगाउने | ☐ |

| | | |
|---|---|---|
| १२ | पृष्ठभूमि प्रश्नावली भरिसकेपछि सबै विद्यार्थीहरूलाई बुकलेट आआफ्नै सिटमा राख्न लगाई १० मिनेट ब्रेक दिने | ☐ |
| १३ | विषयगत परीक्षा सुरु भएको समय नोट गरी २ घण्टाको परीक्षण सञ्चालन गर्ने | ☐ |
| १४ | विद्यार्थीहरूलाई कापीकिताब र अन्य सामाग्रीहरू परीक्षण कोठामा लैजान नदिने | ☐ |
| १५ | नक्कल गर्ने र छलफल गर्ने कार्यको पूर्ण बन्देज लगाई परीक्षणलाई मर्यादित बनाउने | ☐ |
| १६ | परीक्षणपछि प्रयोग भएका र नभएका बुकलेटहरू गनेर अलग अलग खाममा खामबन्दी गरी प्रदेश संयोजकलाई बुझाउने | ☐ |
| १७ | दिइएको ढाँचामा प्रतिवेदन लेखेर विद्यालयको छाप र प्रअको हस्ताक्षर गराई प्रदेश संयोजकमार्फत शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा बुझाउने | ☐ |

## अनुसूची ७

## Test administrator ले परीक्षणका लागि लैजानुपर्ने सामग्रीको रूजूसूची

परीक्षण सञ्चालन हुने विषय.....................

परीक्षण सञ्चालन हुने मिति ....................... परीक्षण सञ्चालन हुने विद्यालय..................

| सि.न | सामग्री | सङ्ख्या | रूजू |
|---|---|---|---|
| १ | विद्यालयको पत्र | १ | |
| २ | प्रअको पृष्ठभूमि प्रश्नावली | १ | |
| ३ | शिक्षकको पृष्ठभूमि प्रश्नावली | २ | |
| ४ | विद्यार्थीको प्रश्नावली | ...... | |
| ५ | बलपेन | ....... | |
| ६ | | | |

परीक्षणपश्चात् माथिका कुराहरू रूजू गरी खामबन्दी गर्ने ।

# अनुसूची ८
## परीक्षण मर्यादित बनाउन ध्यान दिनुपर्ने कुराहरू

१. यो परीक्षणले विद्यार्थीलाई पास/फेल गर्ने वा शिक्षक/विद्यालयको मूल्याङ्कन गर्ने नभई विद्यार्थीले दिएका उत्तरका आधारमा सिकाइ उपलब्धिको राष्ट्रिय स्तर निर्धारण र शैक्षिक सुधारका लागि सहयोग गर्दछ । यस परीक्षणबाट विभिन्न आधारमा उपलब्धिको तुलना गर्न, सिकाइका कारक तत्त्वहरू पहिचान गर्न र सिकाइ उपलब्धि न्यून तथा उच्च भएका विद्यालयका बिचमा भएकाभिन्नताहरू पहिचान गर्न सहयोग पुग्छ । परीक्षणको यस्तो महत्त्वलाई ध्यान दिई यस परीक्षणमा विद्यार्थीले जानेका कुरा सही, स्वच्छ एवम् मर्यादित रूपले लेख्ने वातावरण सिर्जना गर्नुपर्ने छ ।

२. प्रश्नको उत्तर दिनका लागि विद्यार्थीलाई कसैले पनि सिकाउने वा सघाउने गर्नु हुँदैन भने विद्यार्थीहरूले पनि परीक्षण अवधिमा आपसमा कुराकानी तथा छलफल गर्नु हुँदैन ।

३. यस परीक्षणमा प्रश्नावलीको गोपनीयता अत्यन्तै महत्त्वपूर्ण पक्ष हो । कुनै प्रश्नपत्र विद्यालय वा शिक्षकले राख्ने, कुनै प्रश्न वा प्रश्नपत्र कुनै माध्यमले सार्ने वा नक्कल गर्ने, फोटो खिच्ने वा फोटोकपी गर्ने जस्ता कुनै पनि कार्य गर्नु हुँदैन । शैक्षिक गुणस्तर परीक्षण केन्द्र (ERO) द्वारा विद्यालयलाई उपलब्ध गराइएका प्रश्नपत्रहरूमध्ये केही प्रयोग नभएमा सुरक्षित साथ प्रश्न प्राप्त भएकै खाममा खामबन्दी गरी पठाउनुपर्ने छ । प्रश्नावलीहरू हराएमा, फोटो खिचिएको वा फोटोकपी गरी राखिएको पाइएमा संलग्नलाई नियमानुसार विभागीय कारबाही हुने पक्षमा सचेत गराउने र प्रयोग भएका तथा नभएका सबै प्रश्नावलीहरू अनिवार्य रूपमा गन्ती गरी फिर्ता गर्नुपर्ने छ ।

४. विद्यालयमा प्राप्त भएका प्रश्नावली सङ्ख्याभन्दा विद्यार्थी सङ्ख्या बढी भएमा गोला प्रथा विधिबाट तोकिएको सङ्ख्यामा विद्यार्थी छनोट गरी परीक्षण सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्ने छ । विद्यार्थी छनोट गर्दा छात्र र छात्राको अनुपात मिलाउनुपर्ने छ ।

५. प्रश्नको उत्तर लेख्नका लागि प्रश्नावलीमा नै खाली ठाउँ दिइएको छ । सामान्यतया विद्यार्थीलाई थप खेस्रा उत्तरपुस्तिका आवश्यक पर्दैन । तर कुनै विद्यार्थीले थप उत्तर पुस्तिका खेस्राका लागि मागेमा विद्यालयले नै उपलब्ध गराउनुपर्ने छ ।

६. एउटा बेन्चमा बढीमा २ जना मात्र विद्यार्थी बस्ने गरी बसाइ व्यवस्था मिलाउनुपर्ने छ ।

७. प्रत्येक विषयमा ५ किसिमका प्रश्नपत्रका सेटहरू (sets) उपलब्ध गराइएको छ । गणितमा र विज्ञानको संयुक्त सेटमा प्रश्नका किसिमलाई Set-1 देखी Set-5 तथा नेपालीमा र अङ्ग्रेजीको संयुक्त सेटमा Set-1 देखी Set-5 सङ्केत गरिएको छ ।

८. प्रश्नावली वितरण गर्दा ५ ओटै किसिमका सेटहरू क्रमशः पर्ने गरी वितरण गर्नुपर्ने छ ।